अन्तिम लेखापरीक्षण प्रतिवेदन

फाल्गुनन्द गाउँपालिका
पाँचथर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

फाल्गुनन्द गाउँपालिका

पाँचथर

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

फाल्गुनन्द गाउँपालिका

पाँचथर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

तोयम राया

महालेखापरीक्षक

२०८१।०२।१३

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. ९५

विषयः <u>लेखापरीक्षण प्रतिवेदन।</u>

श्री अध्यक्ष ज्यू ,
फाल्गुनन्द गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
घुर्बिसे पञ्चमी, पाँचथर।

१. **कैफियत सहितको राय—** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड १० लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४९ लाख ६८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.९ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८९ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.२८ लाख १६ हजार र पेश्की बाँकी रु.३३ लाख ६५ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु. ११ करोड २८ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड **५६** लाख ९३ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका

लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

३.१ यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३.२ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ।यस गाँउपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

फाल्गुनन्द गँउपालिका,

पाँचथर जिल्ला,

१. चालु वर्षको बेरुजु २०७९।८०

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने		नियमित गर्नुपर्ने				पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६५	६४	४१०४४	०	३१	४९६८	६५	३३	३६०७६	९६६	२८१६	२८९२९	०	०	३१७४५	३३६५

२. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु.हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाँचथर	११२८५५	०	३३२३८	७९६१७	०	३६,०७६	११५६९३

३.बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८०			
१		३२	कार्यसम्पादन जमानत प्रमाण पेश नभएको	९३०००
२		३६	जिन्सी आम्दानी बाधिएको प्रमाण पेश नभएको	२७९७९७

३		४३.३	निर्माण कार्य भन्दा वढी भुक्तानी भएको	१३१५५९१.२
४		५०	कार्यसम्पादन जमानत पेश नभएको	१३५०००
५		६२	फिल्ड भत्ता अनियमित देखिएको	१०७९४००
६		६७	जिन्सी दाखिला पेश नभएको	६५००००
७		६९	अवकास भएको शिक्षकलाई पोसाक भत्ता उपलब्ध गराएको	१००००
८		७१	विद्यालयलाई सिकाई सुदृढीकरण प्रोत्साहन अनुदानको प्रतिवेदन पेश नभएको	२०००००
		७२	इन्टरनेट जडानको विल भर्पाइ पेश नभएको	४८००००
		७७	उपभोक्ताको न्यून लागत साझेदारी	३०३५२.६३
		७८	जिन्सी दाखिला प्रमाण पेश नभएको	४९६८१८
		७९	जस्तापास्ता प्रयोग भएको प्राविधिक प्रतिवेदन पेश नभएको	५०००००
		८१	बीमा प्रिमियम नव्यहोरेको	१००००
	चालु वर्षको जम्मा			५२७९९५८.८३
	गत विगत वर्षतर्फको			
	२०७७।०७८	३८४३१२००.१९	३८४३१२००.१९	९९४३५१३
	२०७८।७९	नाम्स अनुसार	विभिन्न	२३२९४१२८.३६
	गत विगतको जम्मा			३३२३७६४१.३६
	कुल जम्मा			३८५१७६००.१९

परिचय

२ **(क) फाल्गुनन्द गाउँपालिकाको परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा ७ वडा, १०७.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा २१२८९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हुनेछ। प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी सुझाव प्रदान गर्नु परिपालना लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष, केन्द्रीय निकासा तथा अन्य आय—व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन लगायत आर्थिक वर्ष २०७९।८० का क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रभित्र समावेश गरिएको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण बिधिको रुपमा आन्तरिक नियन्त्रणको परीक्षण, र सारभुत प्रक्रिया अपनाइएको र यसमा विश्लेषणात्मक विधि र विष्तृत परीक्षण विधि अवलम्वन गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- उल्लेखित आर्थिक कारोबारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासंग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समय सीमा, स्रोतको उपलब्धता जस्ता कारणहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग छलफलसम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार रहेका छन्ः

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु. ७०३१३०६७४।७५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१०३२३० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	शिक्षकको पोशाक भत्ता तथा पारिश्रमिक कर वापतको रकम संघीय संचित कोष दाखिला	४७३७५
२	कृषक अनुदान जनश्रमदान छुट भएको रकम असुल भई पालिका राजस्व खातामा दाखिला भएको	५५८५५
	जम्मा	१०३२३०

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०८० अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छन

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण परीक्षण

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ । यस सँग सम्बन्धित प्रमाणित प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तथा एकीकृत आय व्यय विवरण अनुसूची ३ मा संलग्न छः

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र

भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,४६,३९,६८४।०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,९९,३४,८४३।०० समेत गरी रु.११,४५,७४,५२७।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले (म.ले.प.फा.नं २७२) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५६,८५,७१८।७०, यस वर्षको प्राप्ति रु. ११,९३,८५,१७७।७०, यस वर्षको भुक्तानी रु.११,४९,०२,६७३।०० र बैङ्क मौज्दात रु.१२,०३,२१४।०० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	अन्तिम मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार	५०५९०७३८	५३८८४०४७९	५७३५६२२२१	१५८६८९९६
एकीकृत आर्थिक विवरण अनुसार(संचितकोष तथा अन्य कोष समेत)	४४९०५०१९	६५८२२५६५७	६८८४६४८९४	१४६६५७८२
फरक रकम	**५६८५७१९**	**-११९३८५१७८**	**-११४९०२६७३**	**१२०३२१४**

सैद्धान्तिक बेरुजु

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,४९,००,५४६.२१ मौज्दात रहेकोमा यो वर्ष रु.४४९०५०१९.२० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा

रु.४४७२।९९ वढि जिम्मेवारी सारेको सारेको देखिन्छ । आर्थिक विवरणमा वढि जिम्मेवारी सारेको सम्वन्धमा खुलासा गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२.५ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु.३,२८,१४५ फरक देखिएको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्ने रु.३,२८,१४५

खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
ग २.२ चालू खर्च खाता- जोर वर्ष	४६६५४२.	०	४६६५४२
ग २.७ विविध खर्च खाता	१७६२९८४.	१७६२९८४.	०
ग ३.१ स्धानीय तह धरौटी खाता	३८८४११०.	३८८४११०.	०
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	६७८३२२८.६२	६९२१६२५.६२	-१३८३९७
ग ५.१ स्थानीय तह विविध कोष खाता	१८७७९०४.	१८७७९०४.	०
ग ७.१ स्थानीय तह आकस्मिक कोष खाता	३८,८१९.००	३८,८१९.००	०
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१८०३३९.	१८०३३९.	०
	१४९९३९२६.६२	१४६६५७८१.६२	३२८१४५

प्रमाण पेश नगरेको	३,२८,१४५

३ बजेट तथा कार्यक्रम

३.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाधक्ष्य श्री ठाकुर सिं नेम्वाङ्ग मिति २०७९।३।१० मा रु.६० करोड ५ लाख ६१ हजार ६९० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐनमा भएको व्यवस्थाको पालना गरी समयमै अख्तियारी प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्म		**रु. १ लाख देखि २ लाख सम्म**		**रु. २ लाख देखि ५ लाख सम्म**		**रु. ५ लाख देखि १० लाख सम्मका**		**रु. १० लाख भन्दा बढीको**	
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
११३	७४९६०००	७९	१३४४६०००	७१	२४१४५०००	१४	१०९९००००	९	२१२९७०३४

उपर्युक्त विवरणअनुसार पालिकाले २६३ योजना ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित

गरेका उल्लेखित योजना मध्ये ३०४ वटै योजनाहरु कार्यान्वयन गरेको विवरण प्राप्त भएको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.४ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी विभिन्न ४ कार्यक्रममा रु.५१,८७,०३४।०० भुक्तानी गरेको देखिन्छ ।पालिकाले यस वर्ष विशेष गाँउसभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजना थप गरी भुक्तानी दिएको भएतापनी चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्वन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **अनुदान फिर्ता** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले संघिय समपुरक अनुदानवाट श्री सिद्धदेवी मावि खेल मैदान स्तरोन्नतीको कार्य गरी रु ४९,३३,५५१ को कार्य स्विकार प्रतिवेदन तयार गरेकोमा भुक्तानी रकमको ५० प्रतिशतले हुने रु २४,६६,७७५।५० मात्र संघिय समपुरक अनुदानवाट भुक्तानी गर्नुपर्नेमा रु.२९,९९,९९९।५० भुक्तानी गरेकोले संघिय स्रोतवाट वढि खर्चलेखेको रु.५,३३,२२४ फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,३३,२२४

५ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा सवैभन्दा कम ०.२६ प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ५२.३२ प्रतिशत खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ ।

मुख्य क्षेत्र	**वार्षिक वजेट रु.**	**खर्च रकम रु.**	**कुल खर्चको प्रतिशत**
आर्थिक विकास	६५४०७००० ।००	४३७५४५९७ ।२५	७.७७
सामाजिक क्षेत्र	३२३३९९८४६ ।००	२९४४५२०९३ ।५९	५२.३२

पूर्वाधार विकास क्षेत्र	८०५४६७२० ।००	६३८२१०९० ।००	११.३४
वातावरण तथा विपद् व्यवस्थापन	१६२४३३९ ।००	१४४४००० ।००	०.२६
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	९२४३४४४९ ।७०	८४४४४३४० ।३१	१५.००
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१०१८८४००० ।००	७४८८३५१३ ।९८	१३.३१
जम्मा	**६६५२९६३५४ ।७०**	**५६२७९९६३५ ।१३**	१००
			सैद्धान्तिक बेरुजु

६ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रमका र्यान्वयन गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।तेस्रो त्रैमासिकमा कुल पुँजीगत खर्चको ६६.३२ प्रतिशत तथा आषाढ महिनामा मात्र ५६.५१ प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

क्र.सं	**बजेट शिर्षक उपशिर्षक**	**कुल खर्च**	**त्रैमासिक खर्च**				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	गाउँपालिका पूँजिगत	७७४६६२४०	१०१२२३६	११४७२१०५	२६३४५६४२	३८६३६२५७	२४०५३६७४
२	सघीय शसर्त अनुदान	७०५८५५४३	२०१८१५७	१६९२२५४	१६०००७९१	५०८७४३४१	५०८७४३४१
३	सघीय समपुरक	३००००००	-	-	३००००००	-	-
४	सघीय विशेष अनुदान	४९५४८२१	-	-	-	४९५४८२१	४९५४८२१
५	प्रदेश शसर्त अनुदान	२३६६६७२३	-	-	७९९०६०	२२८६७६६३	२०१६६५६८
६	प्रदेश समपुरक अनुदान	८०२८८५३	-	-	८७४६२०	७१५४२३३	६०२११०३

जम्मा	१८७७०२१८०	३०३०३९३	१३१६४३५९	४७०२०११३	१२४४८७३१५	१०६०७०५०७
खर्च प्रतिशत	१००.००	१.६१	७.०१	२५.०५	६६.३२	५६.५१

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन ।

• गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम वार्षिक खरिद योजना तयार गरेको भएतापनी खरिदको गुरु योजना तयार गरेको देखिएन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको फरफारख गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।
• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए वमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
• म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक नभएको,
• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन
• सहायक जिन्सी खाता तथा मलेपफा नं ४१२ तयार नगरेको, जिन्सी हस्तानतरण भए पश्चात सम्वन्धित कार्यालय तथा निकायमा दाखिला प्रमाण नआउदै लगत कट्टा गरेको
• भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन तयार नगरेको,
• वडा कार्यालयहरुको जिन्सी सामाग्री एकीकृत गरी पालिकाको जिन्सी PAMS मा आम्दानी नबाँधेको,
• भवन तथा निर्माण कार्यको एज विल्ड नक्सा पेश नगरेको,
• कार्यक्रम संचालन गर्दा अधिकांश कार्यक्रम संचालन गर्दा लागत अनुमान सहितको प्रस्ताव स्वीकृत गर्ने नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत औंल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक लेखापरीक्षण** -स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०७९।८० आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्त्यमा एकै पटक गराएको छ । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी तथा पदपुर्ति समेत रहेको देखिएकाले कानुनमा भएको व्यवस्था वमोजिमनै आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९ **तलब प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचरीको आ.व. २०७९/८० तलवी प्रतिवेदन पालिकाले तलवि प्रतिवेदन तयार गरी आन्तरिक लेखापरीक्षणवाट प्रमाणीत नगराई वर्ष भरीमा रु.४,४७,३०,१५४ गरी खर्च लेखेको पाइयो। तलवी प्रतिवदेन तयार गरेतापनी जिम्मेवार व्यक्तिले प्रमाणित

नगरेकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च एकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **विद्यालयको नियमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ। पालिकाले यस स्थानिय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

११ **खाजा भत्ता-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले ११ औं गाँउसभाको पालिकाको निर्णय नं १२ मा पालिकामा कार्यरत कर्मचारीहरुलाई दैनिक रु १०० का दरले खाजा भत्ता वापत उपलव्ध गराउने निर्णय गरेको देखिन्छ । सोही व्यवस्थालाई आधारमानी गाँउ कार्यपालिकाले स्वीकृत संगठन संरचना भित्रका २६ जना कर्मचारीहरुलाई खाजा भत्ता बापत यो बर्ष रु.७६७५००।०० भुक्तानी गरेको देखिन्छ । कर्मचारी सेवा सर्त सम्बन्धि कानूनमा उल्लेख नभएको खाजा भत्ता बापत खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको छ ।

सैद्धान्तिक बेरुजु

१२ **खरिद तथा ठेक्का अभिलेख**

१२.१ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,६९,०८,०५६।००पूँजीगत खर्चवाट खरिद तथा निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.२ **खरिद अभिलेख-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आर्थिक सहायता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष आर्थिक सहायता वितरण सम्बन्धी आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७६ तयार गरी विपन्न,गरीव, सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागि आर्थिक सहायता शिर्षकमा यस वर्ष रु. ३०११०००/- खर्च गरेको पाइयो । यसरी आर्थिक सहायता वितरणको नमुना छनौट गरी परीक्षण गर्दा रु. १७०००/- सम्म अध्यक्षको तोकआदेशले र सो भन्दा माथिको रकम कार्यपालिका निर्णयको आधारमा वितरण गर्ने गरेको पाइयो । त्यस अतिरिक्त पालिकाले विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ वमोजिम प्राकृतिक तथा मानविय विपदमा परेका ११ जनालाई राहत स्वरुप यस वर्ष रु. २४९०००/- समेत यो बर्ष आर्थिक सहायतामा रु.३२६००००।०० खर्च गरेको छ । पालिकाले स्वास्थ्य बिमा गरेका नागरिकलाई औषधि उपचार सहयोग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने साथै यस्तो खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **डीपीआर खर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ।

क्र सं	नाम कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत	कार्यान्वियन भए / नभएको(कार्यान्वियन भएको भए वजेट)
गत वर्षको						

१	इमान सिंह पार्क निर्माण	रासि मेचि इन्जिनियरिङ कन्सल्टेन्सी	५०००००	४९००००		नभएको
२	किराँत हाङसाम मन्दिर निर्माण - ५	बिग ब्रदर्श एण्ड इन्जिनियर्स प्रा.लि.	३०००००	३०००००		भएको
३	गाउँपालिका रीङ रोड	माँ सोनाशक्ती इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	१३६०००	१३६०००		भएको
४	जनकल्याण मा.वि. भवन	आर्क हिमालय इन्जिनियरिङ	७५००००	७५००००		भएको
५	ज्योति मा.वि. भवन	भिभिड ग्रुप अफ कम्पनीज प्रा.लि.	३९५०००	३९५०००		भएको
६	युमा माङहिम फाल्गुनन्द - ५	सगुन इन्जिनियरिङ सोलुशन	३०००००	३०००००		भएको
७	वडा नं. ५ को वडा कार्यालय	भिभिड ग्रुप अफ कम्पनीज प्रा.लि.	४९५०००	४९५०००		भएको
८	सिलौटी साप्सु दोभान याम्मापुङ सडक	एडभान्स इन्जिनियरिङ	१४१००००	१४१००००		नभएको
९	नवमीडाँडा माङगेना दोभान रिङ रोड	एडभान्स इन्जिनियरिङ	११२५०००	११२५०००		नभएको
१०	सत्यहाङमा मा वि भवन	भिभिड ग्रुप अफ	६५००००	६,३९,५८०.००		भएको

		कम्पनीज प्रा.लि.				
यो बर्षको						
१	घुर्विसे पंचमी देखी जुङजिवा खोला मुरले पिपलबोटे हुदै मेहेलबोटे जोडिने सडक, खोपाङ्गे डाँडागाउँ सल्लेरी साप्सु सडक, सत्यहाङमा मावि देखि फेन्जेदोभान सडक	माँ सोनाशक्ती इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	१८८६०९५.४९	१४९७०२४	१२६७०४६४९७.६	नभएको
२	सहिद पार्क सम्भाव्यता अध्ययन	वाई.वि. डिजाइनर एण्ड डेभलोपर्स प्रा. लि.	४९९३९६.२१	४९५०००	१५२३१९२३०.९६	नभएको
३	बतिसे झरना डिपिआर	पुर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ प्रा.लि.	८०००००	७,९४,९९९.००	२९७४२००१	नभएको
४	संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन निर्माण	रासि मेचि इन्जिनियरिङ कन्सल्टेन्सी	५०००००	४,८७,३१२.००	-	-
५	गाउँपालिकाको प्रशासनिक भवन डि पि आर	मार्ग ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	१५०००००	७४८९०७	११३९२२२९६	भएको

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक

जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **भ्रमण खर्च-** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं., भ्रमणमा खटिनेको नाम, दर्जा, भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वस्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने व्यस्था छ। यस स्थानीय तहले यो वर्ष भ्रमणतर्फ शाखा, वडा कार्यालय र पालिकाको वेग्ला वेग्लै रुपमा रु.३९,६९,१०० बजेट विनियोजन गरी रु.३८,२३,४१० खर्च गरेको छ । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन राख्नु पर्नेमा पेश भएका केही प्रतिवेदनमा उदेश्यको रुपमा कार्यालयको काम काज मात्र उल्लेख भएकोले भ्रमणको उदेश्य स्पष्ट खुलाएर प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण अभिलेख खाताको क्रम संख्या र मिति सिलसिलेवार हुनुपर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरी नियमावलीमा भएको व्यवस्थाको पालनाका साथै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **ईन्धन खर्च-** प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धि निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले १ एक्साभेटर, ३० मोटरसाइकल, १ पीकअप, १ जीप, २ जेनेरेटरमा यस वर्ष इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु. ५२,७३,९०५ खर्च गरेको छ । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख राखेको पाइएन । प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन। ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) बिश्लेषण गरेको पाइएन।यसरी आगामी दिनमा यस्ता प्रकृतिको कार्यमा सुधार ल्याउनु पर्ने तथा एकीकृत रुपमा एउटै शिर्षकमा एकमुष्ट बजेट व्यवस्था गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने, इन्धन खर्चको मापदण्ड बनाउनुपर्ने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **कन्टिजेन्सी खर्च-** पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु. १३,५२,०७४।०० कन्टिजेन्सी खर्च गरेकोमा रु.७,२०,००० को १ थान मोटरसाईकल खरिद गरेको र वाँकी रकम वैठक भत्ता, योजना अनुगमन लगायतका चालु कार्यक्रममा मात्र खर्च गरेको देखियो। उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **कानून निर्माण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ५ वटा ऐन, ५ वटा कार्यविधि लगायत १० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । पालिकाले आवश्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **मर्मत खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष मर्मततर्फ तपशिल अनुसार विभिन्न शाखा, वडा कार्यालय र पालिकासमेतले रु.६५,४२,७०६ बजेट विनियोजन गरी रु. ५७,३४,५०२ खर्च गरेको छ । सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता व्यवस्थित राखेको पाइएन।यसरी आगामी दिनमा यस्ता प्रकृतिको कार्यमा सुधार ल्याउन नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्ने तथा एकीकृत रुपमा एउटै शिर्षकमा एकमुष्ट बजेट व्यवस्था गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **पेश्की व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छ्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छ्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको गतवर्षको पेशकी रु.३५,५०,०००।०० फस्योंट गर्न वाँकी रहेको देखिन्छ। यो बर्ष प्रदान गरिएको पेश्की मध्ये आर्थिक बर्षको अन्त्यसम्ममा फस्योंट नभै वाँकी रु.३३,६५,४०७ म्याद नाघेको पेश्की नियमानुसार असुल फस्योंट गर्नुपर्ने रु.३३,६५,४०७

क सं	**पेश्की लिएको मिति**	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम**	गत वर्षको	**यो बर्षको**	**कैफियत**
१	२०७९।४।१	सवारी साधन मर्म	भवानी विक्रम आङदेम्वे	५००००		गतवर्षको अल्या गरी फस्योंट गर्न वाँकी

२	२०७९।४।१	वडा कार्यालय भवन निर्माण	माई भगवती कन्सट्रक्सन	४०००००		मोविलाइजेशन
३	२०८०।२।२४	सिचाई कुलो निर्माण	सारताप दोस्रो बिकासे कुलो सिचाई जल उपभोक्ता संस्था		२६१६५००	म्याद नाघेको
४	२०८०।३।२४	डिपिआर निर्माण	मार्ग इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.		७४८९०७	
५	२०७९।४।१	५ शैय्या अस्पताल निर्माण	जयमाता जिआरडी जेभी	३१०००००		गतवर्षको अल्या गरेको
जम्मा				**३५५००००।००**	**३३६५४०७**	

पेश्की	३३,६५,४०७

२१ **मसलन्द तथा कार्यालय सामाग्री-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा यस वर्ष रु.३१,५४,००० बजेट विनियोजन गरी रु.२७,६१,२६६ खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ट विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ। पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **शिक्षक दरवन्दी र पदपूर्ति-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। गाउँपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं

विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

विद्यालय संख्या	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
४०	२८८	२८८	१३	५३४५

सैद्धान्तिक बेरुजु

२३ **निजी लगानिका विद्यालयको छात्रवृत्ती-** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ।

विद्यार्थी संख्या	निःशुल्क शिक्षाका लागि आरक्षण संख्या
५०० जना सम्म	कम्तिमा १० प्रतिशत
५०० जना देखि ८०० जना सम्म	कम्तिमा १२ प्रतिशत
८०० जना भन्दा बढी	कम्तिमा १५ प्रतिशत

यस गाउँपालिका क्षेत्र भित्र २ वटा निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **सवारी साधन खरिद-** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.२२,९३,६५०।०० खर्च गरेको देखिन्छ । निर्देशनको पालना गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **शैक्षिक प्रतिवेदन-** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा

अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका बालबालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

२६ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ। गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन तयार गरेको देखिएन। गाउँपालिकाले आफ्नो कार्यक्षेत्र अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि अनुगमन गरी प्रतिवेदन पठाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२७ **विद्यालयगत निकासा अभिलेख-** आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा अभिलेख खाता अद्यावधिक राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको १३गरी कूल १५ विवाद दर्ता भएकोमा १२ वटा मात्र फस्यौंट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सहकारी अनुगमन-** नेपालको संविधान २०७२ ले सहकारी संस्था संचालन अनुगमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । पालिकाले सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्थाको अनुगमन तथा अभिलेखीकरण गर्नुपर्नेमा अभिलेखिकरणको कार्य सुरुवात भएतापनि कानुन वनाई सहकारी सम्वन्धि नियमन प्रभावकारी देखिएन। पालिकाले उल्लेखित व्यवस्थाको कार्यान्वियनको लागि कानुनको निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष शाखा,वडा कार्यालय र पालिकाको वेग्ला वेग्लै बजेट कायम गरी विविध शिर्षकमा रु.४३,४४,३९४ बजेट विनियोजन गरी विविध खर्चका रुपमा खाना, खाजा,चिया लगायतका कार्यमा रु.४२,५३,७६०।-खर्च गरेको छ। उक्त खर्च के कुन कार्यक्रम सँग सम्बन्धित हो स्पष्ट खुलाउने गरेको छैन। खर्चको विलसाथ उक्त खर्च कार्यालय प्रयोजन पुष्टी हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ। पालिकाको आन्तरीक आय न्युन भएको अवस्थामा आयलाई मध्यनजर गर्दै यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **सफ्टवेयर खरिद-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले यो बर्ष इ सिफारीस, ई कार्यालय, कर्मचारी पेरोल, कर्मचारी व्यवस्थापन प्रणाली , साइनाइज वोर्ड व्यवस्थापन प्रणाली, कृषक डाटावेस प्रणाली, उल्लेखित सफ्टवेयरको एकीकृत मोवाइल एप्लिकेशन तथा कर व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी परामर्शदाता जियोसफ्ट टेक्नोलोजी प्रालीलाई रु.२१,०१,८०० खर्च गरेको देखिन्छ ।परामर्शदाता संग भएको सम्झौता वमोजिम उक्त सेवाका लागि वार्षिक १५ प्रतिशत नविकरण शुल्क भुक्तानीगर्नुपर्ने सम्झौता गरेको देखिन्छ ।यसका अतिरिक्त पालिकाले रु.५,००,००० बजेट खर्च गरी तयार गरेको कृषक डाटावेस प्रणालीमा परामर्शदाताले कृषक विवरण प्रविष्ट गर्न बाँकी रहेको, कर्मचारी पेरोल तथा कर्मचारी व्यवस्थापन प्रणाली प्रयोगमा नआएको साथै कर व्यवस्थापन प्रणालीला शुत्रले प्रतिस्थापन गरेको देखिन्छ । उक्त सफ्टवेयरको source code समेत परामर्शदातावाट लिएको नदेखिएको source code लिनुपर्ने साथै खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **कार्यसम्पादन जमानत –**

...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु.९३०००।-सम्परीक्षण गरिएको ।

३३ **वढि भुक्तानी-** ३२१, २०८०।३।२० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वरवुदे टोल नयाँगाउ ट्र्याक वाटो निर्माणको प्राविधिक मुल्याङ्कन रु ५०,६९६ गरी रु ३९,८४० भुक्तानी गरेको मा औषत उचाई वढि समावेश गरी रु१३,७३४ उपभोक्ता समितिलाई वढि भुक्तानी गरेको देखिन्छ। स्थलगत अनुगमन गर्दाको अवधि सम्म निर्माण व्यवसायिले नगरेको कार्यको भुक्तानी गरेको देखिएकाले उक्त रकम असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.१३,७३४

सिन	आइटम	नापी कितावमा समावेश भएको परिमाण	वास्तविक परिमाण	मुल्याङ्कन दर	वढि मुल्याङ्कन
१	माटो खन्ने कार्य	७१४ घनमिटर	४५९ घनमिटर	७१	१३,७३४
				असुल गर्नुपर्ने	१७,७३४

३४ **उपभोक्ता को काम-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ।साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका,आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ।उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन।सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रम मुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ। उपभोक्ता समितिले हेभि इक्वीपमेन्टको प्रयोग गरेर निर्माण गरेका कार्यका केही उदाहरण देहाय वमोजिम रहेका छन।

उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	निर्माण व्यवसायि	हेभी उपकरणमा भएको खर्च

फाक्तेप युवा क्लव	खेलमैदान निर्माण	९६००००	एक्जाभेटर	गैडेनि निर्माण सेवा	१२२२५८५
खेलकुद पुर्वाधार निर्माण उपभोक्ता समिति	खेलमैदान निर्माण	७४४९३०	एक्जाभेटर	एलएमवी निर्माण सेवा प्राली	६९३३१४
सुर्के नागी सिवालय मन्दिर दाहालधाप फिचुवा दोभान पवन मार्ग निर्माण उस	सडक निर्माण	९६५३००	एक्जाभेटर	डिएन निर्माण सेवा	७५८२९०
सल्लेरी विजयटार मोटरवाटो मर्मत	सडक निर्माण	१४४०००	एक्जाभेटर	सिंगर निर्माण सेवा	१७९९३१
लट्टेबारी सानोसुके पोखरी मोटरबाटो निर्माण उपभोक्ता समिति	सडक निर्माण	५७६०००	एक्जाभेटर	गौडेनी निर्माण सेवा	५७६०००
फाक्तेव सिंहम्वुङ देखि सुरिथुङ जोड्ने मोटर बाटो उपभोक्ता समिति	सडक निर्माण	३३६०००	एक्जाभेटर	गौडेनी निर्माण सेवा	३३६०००
माङगेना खोल्सी छत्तिवने आम्वोटे जुरे सडक ट्राक पुरा तथा स्तरोन्नती	सडक निर्माण	५६९२८०	एक्जाभेटर	एल एम वि निर्माण सेवा	५६९२८०
सखेवा तामाङ टोल निवुकरीडोर मोटरबाटो निर्माण उपभोक्ता समिति	सडक निर्माण	४२००००	एक्जाभेटर	न्यू चुम्लुङ निर्माण सेवा	४२००००
माङगेना खोल्सी छत्तिवने आम्बोटे जुरे सडक ट्राय निर्माण उपभोक्ता समिति	सडक निर्माण	४७८२१६	एक्जाभेटर	एल एम वि निर्माण सेवा	४७८२१६
आहाल भञ्याङ हरिणतप्पा मोटरबाटो निर्माण उपभोक्ता समिति	सडक निर्माण	३६१२६५	एक्जाभेटर	एल एम वि निर्माण सेवा	३६१२६५
दाहालधारा हुँदै निबुवाखोला मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति	सडक निर्माण	६११२२०	एक्जाभेटर	डि एम निर्माण सेवा	६११२२०
श्री त्रिभुवन आ वि खेलमैदान निर्माण	सडक निर्माण	५३९०८६	एक्जाभेटर	छाला सुकुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्य	५३९०८६

नवमीडाँडा नर्मट पिपलबोटे आ वि हुँदै इम्वुङ जोड्ने सडक स्तरोन्नती उपभोक्ता समिति	सडक निर्माण	९२००००	एक्जाभेटर	छाला सुकुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्य	११७९१८५
सारताप विजयटार त्रिवेणी घाट च्याप्लुङ सडक स्तरोन्नती उपभोक्ता समिति	सडक निर्माण	६५२३३६	एक्जाभेटर	सिंगर निर्माण सेवा	६५२३३६
थरिडाँडा कोलबुङ सिरिवथान सडक स्तरोन्नती उपभोक्ता समिति		३५९५६५	एक्जाभेटर	छाला सुकुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्य	३५९५६५

सैद्धान्तिक बेरुजु

३५ **मुअकर वढि भुक्तानी-** उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा जनश्रमदानका साथै मुल्यअभिवृद्धि कर समेत कट्टा गरी भुक्तानी गर्नेपर्ने उल्लेख छ । गाउँपालिकाले यो बर्ष गोश्वरा भौचर नं ३५३, २०८०।३।२२ वाट वासपानी तथा मिकथुवुङ्ग खानेपानी मर्मतको लागि उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सोको प्राविधिक मुल्याङ्कन रु.३,३४,१०७ गरी रु ३,८३,२०० भुक्तानी गरेकोमा प्राविधिक मुल्याङ्कन तथा सिफारीसमा मुल्याङ्कनमा समावेश भएको मुल्य अभिवृद्धि कर रु ८,००० कट्टा गरी भुक्तानी गर्नेगरी सीफारीस गरेकोमा उक्त रकम कट्टा नगरी भुक्तानी गरेकोले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.८,०००

असुल गर्नुपर्ने	८,०००

३६ **जिन्सी दाखिला-**

..........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु.१९३,३९७।-सम्परीक्षण गरिएको ।

३७ **प्राविधिक मुल्याङ्कन-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलापन नं ११.१.२.४४५ को बुदा नं ८.२ अनुसार स्थानीय तहले नमुना विद्यालय भौतिक निर्माण कार्यका लागि भाद्र मसान्त भित्र विद्यालयसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सम्भौता बमोजिम पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ५० प्रतिशत स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात कुल अनुदान रकमको ३० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा २० प्रतिशतले हुने रकम निकासा दिनुपर्ने देखिन्छ। यस कार्यक्रम अन्तर्गत सिद्धदेवी माध्यमिक विद्यालय भवन निर्माणको कार्यको लागि यस वर्ष रु.१,००,००,०००/-र विद्यालयमा शैक्षिक गुणस्तर सुधार कार्यक्रमको रु.५०,००,०००/-समेत रु.१,५०,००,०००/- कार्य सम्पन्न प्रतिवेदन पेश गरे पश्चात रकम फुकुवा हुने गरी विद्यालयको बैंक खातामा उक्त रकम रोक्का राख्ने गरी निकाशा दिएको छ। पालिकाले उक्त निकासा रकमको कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश गर्नु पर्ने देखिएको रु.१,५०,००,०००।००

प्रमाण पेश नगरेको	१,५०,००,०००

३८ **साना सिँचाई योजना-** पालिकाले साँना सिचाई योजनाहरुको भुक्तानी गर्दा श्रोतगत खर्च अनुपात मिलाई खर्च गर्नुपर्दछ। जसअनुसार सम्वन्धित योजना संघ सरकारको श्रोतवाट ५० प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, सम्वन्धित स्थानिय तहवाट २० प्रतिशत र उपभोक्ता समिति समेतले १० प्रतिशत अंश व्यहोर्नुपर्ने देखिन्छ । पालिकाले यो बर्ष संचालित विभिन्न १८ योजनामा रु.६,४०,३७,६९२ भुक्तानी गर्दा गाउँपालिका श्रोतवाट व्यहोर्नुपर्ने २० प्रतिशत अंश भन्दा देहायका श्रोतवाट बढी खर्च लेखेको देखियो। गाउँपालिका श्रोतबाट न्युन व्ययभार गरेको रु.३७,०६,५०२।२० तथा प्रदेश सरकारवाट न्युन खर्च गरेको रु.५३,७३,६१०।२० समेत जम्मा रु.९०,१८,११२।४४ खर्च मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु.९०,१८,११२।४४

सि न	विवरण/ स्रोत	नेपाल सरकार २०%	स्विस ३०%	प्रदेश सरकार२०%	गाउँपालिका२०%	जम्मा
१	भुक्तानी रकम	१५११७५६९	२९५३९०३९	८८५६९८८	१०५२४०९६	६४०३७६९२
२	भुक्तानी गर्नुपर्ने	१४२३०५९८	२१३४५८९७।३	१४२३०५९८।२	१४२३०५९८	६४०३७६९२
३	न्युन/ वढि			-५३७३६१०।२	-३७०६५०२।२	०

प्रमाण पेश नगरेको	९०,१८,११२.४४

३९ **वढि भुक्तानी-** २७७, २०८०।३।४सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले साविक फाक्तेप ७ वरडाडादेखी नयन्त्रको घरहुदै टिकाको घरसम्म वाटो निर्माणको प्राविधिक मुल्याङ्कनमा औषत उचाई वढि समावेश गरी रु.१४,८५८ उपभोक्ता समितिलाई वढि भुक्तानी गरेको देखिन्छ । स्थलगत अनुगमन गर्दाको अवधि सम्म निर्माण व्यवसायिले नगरेको कार्यको भुक्तानी गरेको देखिएकाले उक्त रकम असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.१४,८५८

सिन	आइटम	नापी किताबमा समावेश भएको परिमाण	वास्तविक परिमाण	मुल्याङ्कन दर	वढि मुल्याङ्कन
१	माटो खन्ने कार्य	८४९ घनमिटर	५८६ घनमिटर	७१	१४,८५८

असुल गर्नुपर्ने	१४,८५८

४० **धरौटीतर्फ**

४०.१ **धरौटी फिर्ता-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२)मा विल विजकको भुक्तानीमा कट्टी हुने धरौटी रकम फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ। साथै आन्तरिक राजश्व विभागको मिति २०७१।७।१४ को परिपत्र अनुसार धरौटि फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको पत्र पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष गोश्वारा भौचर नं २, २०७९।८।१२ वाट निर्माण व्यवसायी श्री याङ्गयुङ्ग निर्माण सेवालाई रु७६२०५ तथा गोश्वरा भौचर नं ३६,२०८०।२।२५ वाट इश्वरी निर्माण सेवालाई रु.८५,००० समेत रु १,६१,२०५ धरौटी फिर्ता गरेकोमा मुल्य अभिवृद्धि कर समायोजन गरेको विवरण पेश वेगर फिर्ता गरेको देखियो । उक्त समायोजन पत्र पेश गर्नुपर्ने देखिएको रु.१,६१,२०५

प्रमाण पेश नगरेको	१,६१,२०५

४०.२ **त्रुटि सच्याउने अवधि भित्रै धरौटी फिर्ता-** निर्माण व्यवसायिको भुक्तानीमा कट्टा भएको धरौटी रकम फिर्ता गर्दा उक्त निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त भए पश्चात त्रुटि सच्याउनु नपर्ने कुराको सुनिश्चित गरेरमात्र फिर्ता गर्नपर्दछ। पालिकाले यो बर्ष गोश्वारा भौचर नं र २४, २०७९।१२।९ वाट निर्माण व्यवसायि इश्वरी निर्माण सेवालाई रु ५,९५,०२७ धरौटी फिर्ता गरेको देखिन्छ ।तथापी निर्माण कार्यको त्रुटि सच्याउने अवधि २०८०।८।४ सम्म रहेको देखिन्छ। यसरी प्रचलित कानुन विपरीत त्रुटि सच्याउने अवधि अगावै धरौटी फिर्ता गरेकोमा लेखापरीक्षणको क्रममा निर्माण व्यवसायिले रु.४७६०२४।०० वैङ्क ग्यारेन्टि पेश गरेको छ । वाँकी रकम असुल गरी धरौटी खाताम जम्मा गर्नुपर्ने देखिएको रु.११९००३

असुल गर्नुपर्ने	१,१९,००३

४०.३ **खर्च लेखी हिसाव मिलान-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७० वमोजिम कार्यालयले आफ्नो नाममा एकल कोष खातामार्फत कारोबार भएको विवरण प्राप्त गरी स्रेस्ता बाँकी रकम र बैङ्कमा बाँकी रहेको रकम मासिक रूपमा भिडाई हिसाब मिलान गर्नु पर्ने उल्लेख छ। पालिकाले यो बर्ष देहाय वमोजिमका धरौटी रकम खर्च लेखी हिसाव मिलान गरेको देखिन्छ। सम्वन्धित व्यक्तिका नाममा मौज्दात देखिएको रकम फिर्ता वा राजश्व दाखिला वाहेक अन्य प्रयोजनका लागि खर्च लेख्न मिल्ने देखिएन । खर्च गरेको उचित प्रमाण पेश गर्नुपर्नु देखिएको रु.८६,४६०

गोश्वरा भौचर	विवरण	खर्च गरेको रकम
४२ , २०८०।३।३१	एस मल्टीट्रेड लिङ्क	१२,५००
४१, २०८०।३।३१	पिपिए निर्माण सेवा	३६,५००
४०, २०८०।३।३१	चौवन्दी कन्सट्रक्सन	३३,४६०
३९, २०८०।३।३१	कन्टा निर्माण सेवा	४,०००

जम्मा	८६४६०

असुल गर्नुपर्ने	८६,४६०

४१ **सारताप मावि भवन निर्माण-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ उपदफा १ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने प्रावधान रहेको छ ।पालिकाले यो बर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत सारताप मावि भवनको ४ कोठे भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी सिङ्गर निर्माण सेवासँग सम्झौता गरी रु ४००३७७५को कार्य स्विकार प्रतिवेदन तयार गरेको देखिन्छ । सोही भवनमा थप निर्माण कार्य भेरिएसनवाट थप नगरी कोटेशन मार्फत निर्माण व्यवसयी आजको कन्सट्रक्सन एण्ड सप्लायर्स सँग सोझै गराइ थप रु.९६९९९९।०० भुक्तानी भएको देखिन्छ। यसरी एउटै निर्माण कार्यमा विओक्यु वमोजिमको थप निर्माण कार्य गर्नुपर्ने भएमा नियमावलीमा भएको व्यवस्था वमोजिम भेरिएसन आदेश जारी गरी निर्माण कार्य गर्नुपर्नेमा सो नगरी प्रतिस्पर्धा वेगर सोझै खरिद गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.९६९९९९।००

अनियमित भएको	९,६९,९९९

४२ **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ।गाउँपालिकाले संघिय सशर्त अनुदान अन्तर्गत स्वास्थ्य संस्था सुदृढिकरण कार्यक्रमवाट स्वास्थ्य संस्थामा आवश्यक वेड अटोक्लेभ मेशिन लगायनका ३१ प्रकारका सामाग्रि खरिद कार्यका लागि गरेको मालसमानको स्पेशिफिकेशन तयार गरेको देखिएन। साथै सामानको खरिदका लागि रु.३१,२८,८०५ को लागत अनुमान तयार गर्दा नियमावलीको सवै व्यवस्थाको पालना नगरी कोटेशनवाट प्राप्त दरको औषतलाई मात्र आधार लिइ लागत अनुमान तयार गरेको मनासिव देखिएन। कानूनमा भएको सवै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गरी खरिद गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **५ शैय्या अस्पताल भवन निर्माण**

४३.१ **निर्माण कार्यतालिका-** उल्लेखित निर्माण व्यवसायि सँग भएको सम्झौताको विशेष शर्तको बुँदा ३४.३ मा निर्माण व्यवसायिले हरेक ९० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.५०,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ। उल्लेखित निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट विथहोल्ड गर्नुपर्ने रु.५०,०००

प्रमाण पेश नगरेको	५०,०००

४३.२ **कार्य प्रगति-** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०७९।९।२२ मा सम्पन्न गर्नुपर्नेमा प्रथम पटक २०८०।३।२२ सम्म म्याद थप भएको देखिन्छ। निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्म रु ३,३३,०८,१८३।५४(मुअकर समेत) भुक्तानी भै म्याद थप पश्चात् को निर्माण कार्य समाप्त हुने अवधि सम्म करिव ५६ प्रतिशत वित्तीय तथा ६४ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । सम्झौता वमोजिम लेखापरीक्षण अवधिमा सम्झौता वमोजिमको समयावधि समाप्त भैसकेको अवस्था रहेको साथै निर्माण व्यवसायिलाई गत वर्ष प्रदान गरेको मोविलाईजेशन पेश्की मध्ये फस्योंट हुन वाँकी पेश्की रु ३१,००,०००।०० रहेको देखिएकाले कानुनको अधिनमा रहि निर्माण कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.३ **प्राविधिक मुल्याङ्कन-**

...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु. १,३१५,५९१.२।-सम्परीक्षण गरिएको ।

४३.४ **भवनको स्थलगत अनुगमन-** निर्माण कार्यस्थलको स्थलगत अनुगमन गर्दा हाल निर्माण व्यवसायि साइटमा मोविलाइज भएतापनी निर्माण स्थलमा पर्याप्त निर्माण सामाग्रि समेत रहेको देखिदैन। सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने तथा कार्यातालिका वमोजिम कार्य नभएको सम्वन्धमा गाउँपालिकाले समेत निर्माण व्यवसायिलाई पत्राचार गरी सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

अस्पतालको स्थलगत अनुगमन गर्दा भवन निर्माणको हालको अवस्था देहाय अनुसार रहेको छ ।

निर्माणाधिन भवन

सैद्धान्तिक बेरुजु

४४ **जाली खरिद-** खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो बर्ष संघिय सशर्त पुँजिगत अन्तर्गत झोलुङ्गेपुल निर्माणका लागि थप आवश्यक परेको भनि श्री देवी हार्डवेयर को विजक नं ८ वाट ११२५ केजी ग्याबियन जाली खरिद गरी रु १८९०३४।८७ भुक्तानीमा उल्लेखि जाली प्रयोग भएको झोलुङ्गेपुलको प्राविधिक मुल्याङ्कनमा जाली समावेश भएको देखिएन । उल्लेखित जालीको प्रयोग भएको प्राविधिक मुल्याङ्कन पेश गर्नुपर्ने रु.१८९०३४

असुल गर्नुपर्ने	१,८९,०३४

४५ **सुरक्षित नागरिक आवास कार्यक्रम-** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा १४ले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयन गर्न जिल्लाको स्थानीय तह र संख्या निर्धारण गर्ने उल्लेख छ। त्यसैगरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५को दफा ११(२) को व्यवस्था अनुसार निवेदन संकलनको सूचना, घरधुरी सर्वेक्षण, लाभग्राही छनोट, सम्झौता र कार्यप्रगतिको आधारमा भुक्तानी गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ ।गाउँपालिकाले यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनका लागि रु.३६,००,०००।०० बजेट प्राप्त भएकोमा २ लाभग्राहीलाई प्रथम किस्ताको रु.५१,९२५ तथा दोस्रो किस्ता ११ लाभग्राहीलाई रु. २,२०,००० समेत रु.२,७१,९२५ मात्र खर्च भएको देखिन्छ। पालिकामा भएका कुल ५३५ लाभग्राही मध्ये १६३ लाभग्राहीले

सम्झौता गरी प्रथम किस्ता सम्म लिएको देखिदैन । पालिकामा हस्तानतरण भै आएको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४६ **सामाग्रि मौज्दात-** ५०, २०८०।१।२८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसंग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले सुधारीएको चुलो वितरण गर्नका लागि सुर्योदय वायोग्याँस तथा उर्जा विकास कम्पनी प्रालीवाट रु ५,५००।०० का दरले ५५ थान सुधारीएको चुलो खरीद गरी सुर्योदय वायोग्याँस तथा उर्जा विकास कम्पनी प्रालीलाई रु ३,००,०००।०० भुक्तानी गरेको देखिन्छ । उक्त चुलो हालसम्म वितरण नगरी मौज्दातमै रहेकाले लाभग्राही छनौटको मापदण्ड सहित ववितरण प्रमाण वितरणको प्रमाण पेश गर्नुपर्ने रु.३,००,०००।००

प्रमाण पेश नगरेको	३,००,०००

४७ **सोझै खरिद-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी नियमावलीमा उल्लिखित सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यहोरा उल्लेख छ । पालिकाले यो बर्ष साना सिचाई अन्तर्गत विभिन्न उपभोक्ता समितिलाई वितरण गर्न हथौडा, वाल्टी , कोदालो, जुत्ता लगायतका ४३ प्रकारका सामाग्री एउटै समयमा एउटै आपुर्तकवाट निमायवीमा भएको सिमा भन्दा वढि रु.१८३३२७१।०० को खरिद कार्य गरी भुक्तानी गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

गोश्वारा भौचर मिति	**आपुर्तकको नाम**	**खरिद रकम**
७३ ,२०८०।३।१७	सिएसई सेल्स एण्ड सप्लायर्स	२४९९७०।००
७४ , २०८०।३।१७	सिएसई सेल्स एण्ड सप्लायर्स	५४२५८५।००
७६, २०८०।३।१७	सिएसई सेल्स एण्ड सप्लायर्स	४९२९९३।००
७७ २०८०।३।१७	सिएसई सेल्स एण्ड सप्लायर्स	३८६५४३।००
७९,२०८०।३।१७	सिएसई सेल्स एण्ड सप्लायर्स	१६११८०।००
जम्मा		**१८३३२७१।००**

अनियमित भएको	१८,३३,२७१

४८ **निर्माण कार्यको विमा-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक विस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा

गराउनुपर्ने व्यवस्था छ। यो बर्ष पालिकाले ठेक्का सम्झौता मार्फत खरिद कार्य नमुना परीक्षण गर्दा नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको विमा गरेको देखीएन। नियमावलीमा भएको व्यवस्था वमोजिम तोकीएको भन्दा बढीको निर्माण कार्यको विमा गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

ठेक्का नं	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता रकम (मुअकर समेत	सम्पन्न रकम (मुअकर समेत)
०४-NCB/२०७९/८०	सारताप मावी ४ कोठे भवन	सिंगर निर्माण सेवा		४००३७७५।००
	कवर्ड हल निर्माण	इश्वरी निर्माण सेवा	१३५७१८९९	१३४५२६०४।००

सैद्धान्तिक बेरुजु

४९ **मालसामानको परीक्षण र स्वकृति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण र परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। पालिकाले स्वास्थ्य संस्था सुदृढिकरणका लागि खरिद गरेका ३१ प्रकारका सामाग्रि खरिद पश्चातको गुणस्तर सुनिश्चितताका लागि निरीक्षण र परिक्षण गराएको छैन। खरिद भएका मालसामान परीक्षण तथा जिन्सी आम्दानी वेगर सिधै स्वास्थ्य केन्द्रमा पठाएको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम आपुर्ति भएको मालसामान निरिक्षण र परीक्षण गर्ने साथै खर्च भएर नजाने प्रकृतिका मालसामानलाई जिन्सी आम्दानी वाधेर मात्र भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **कार्यसम्पादन जमानत-**

...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.१३५०००।-सम्परीक्षण गरिएको ।

५१ **प्रदेश समपुरक-** प्रदेश विनियोजन ऐन २०७९ दफा ४(११) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्थाछ ।साथै प्रदेश नं. १ प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशत सम्म प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ । पालिकाले यो बर्ष प्रदेश सशर्त अनुदान मार्फत गेली भञ्जयाङ्ग लिलिङदिन फाक्तेप आङसराङ मेहेलवोटे मोटरवाटो स्तरोन्नतीका लागि रु.१,००,००,००० वजेट विनियोजन भएकोमा सडक स्तरोन्नती गरी प्रदेश समपुरक अनुदान शिर्षकवाट रु ८०,२८,५८४।०० बजेट खर्च भुक्तानी गरेको छ ।पालिकाले समपुरक अनुदान खर्च गर्दा

कार्यविधिमा भएको व्यवस्था वमोजिम सम्पुर्ण भुक्तानीको ३० प्रतिशतले हुने रु.२४,०८,६५६।०० गाउँपालिकाको श्रोतवाट भुक्तानी गर्नुपर्नेमा गरेको देखिएन । अतः कार्यविधि अनुसार श्रोत मिलान फिर्ता गर्नुपर्ने देखिएको रु.२४,०८,६५६।००

प्रमाण पेश नगरेको	२४,०८,६५६

५२ **वढि भुक्तानी-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो बर्ष प्रदेश सरकारवाट हस्तानतरीत कार्यक्रम अन्तर्गत फाक्तेप युथ क्लव खेलमैदान उपभोक्ता समिति मार्फत निर्माण गरी रु १२,२२,५८५।०० को प्राविधिक मुल्याङ्कन गरी रु.९,६०,०००।०० भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको प्राविधिक मुल्याङ्कनमा माटो काट्ने कार्यको जोडजम्मा फरक पारी ५०९२।४३ घनमिटरको प्रतिघनमिटर रु.७१ का दरले हुने रु.३,६१,५६२ वढि मुल्याङ्कन गरेको देखिन्छ । सम्झौता अनुसार उपभोक्ताको अंश २१।४७ प्रतिशत कट्टा गरी वढि मुल्याङ्कन भएको रु.२८४११६ असुल गर्नुपर्ने रु.२,८४,११६

चेनेज लम्वाई	**औषत मिन एरिया**	**वास्तविक परिमाण**	**नापी कितावमा समावेश भएको परिमाण**
३०	६६।८९	२००६।५५	२००६।५५
६०	१३४।०७	४०२१।८०	६०२८।३५
९०	१३०।०१	३९००।३०	५९१७।०५
१०७	१२९।३२	२१९८।४४	३२६७।५७
जम्मा		१२१२७।०९	१७२१९।५२
वढि परिमाण			५०९२।४३

असुल गर्नुपर्ने	२,८४,११६

५३ **मूल्य अभिवृद्धि कर कट्टी-** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर गाउँपालिकाले देहाय वमोजिमको सम्झौताको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.४५७१५ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.४५७१५

गोभौनं./मिति	**भुक्तानी पाउनेको नाम**	**भुक्तानी रकम**	**मुअकर कर रकम**	**३० प्रतिशत रकम**
४३, २०८०।३।२०	इलेक्ट्रोनिक्स डिजिटल सर्भिस	५१२०००	६६५६०	१९९६८

३७८, २०८०।३।२४	आषिश एण्ड विल्डर्स प्राली	७४५९९५	८५८२२	२५७४७
	जम्मा			**४५७१५**

असुल गर्नुपर्ने	४५,७१५

५४ **नवप्रवर्तन साझेदारी कार्यक्रम-** गाउँपालिकाले सुचना प्रविधि र सार्वजनिक सूचनामा जनताको पहुँच वृद्धी तथा स्थानीइ आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नविनतम प्रविधि तथा उपकरण अन्तर्गत शित भण्डार निर्माण गर्ने कार्यक्रमका लागि पालिका तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विच सम्झौता भै प्रस्तावमा आधारीत कार्यक्रम संचालन गर्न प्रदेशवाट रु १ करोड ५० लाख तथा स्थानी तहवाट रु ५० लाख गरी रु २ करोडको खर्चगर्नेगरी सम्झौता भएको देखिन्छ। जसकालागि पालिकाले विभिन्न १६ वटा कार्यक्रम संचालन गरी यो बर्षको अन्त्यसम्म रु.१,७२,०१,५१८ खर्च भएको देखिन्छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५४.१ **कार्यक्रम संचालन**- पालिकाले स्विकृत भएका कार्यक्रम मध्ये सम्झौताको अन्त्यसम्म संचालन गर्नुपर्ने परामर्श सेवा खरिद रु५,००,०००, मोवाइल एप्लिकेसन सम्वन्धि दक्षता अभिवृद्धि कार्यक्रम रु.४,५८,०१०, सुचना प्रविधि र सार्वजनिक सुचनामा जनताको पँहुच वृद्धि र स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नविनतम प्रविधि तथा उपकरणहरु खरिद कार्यक्रम रु३,७०,०००, व्यवसायिहरु विच अन्तरक्रिया कार्यक्रम रु ३,००,०००, प्रगति अनुगमन रु ५०,०००, कार्यक्रमको सार्वजनिक परीक्षण रु.२,००,००० समेत विभिन्न ६ वटा कार्यक्रममा शुन्य प्रगति हासिल गरेको देखिन्छ। सम्झौता वमोजिम तोकिएको समयावधिम सवै कार्यक्रम संचालन गरी तोकीएको लक्ष्य हासिल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४.२ **शित भण्डार व्यवस्थापन-** पालिकाले उक्त कोष मार्फत शित भणडार निर्माणको लागि नवप्रवर्तन साझेदारी कोष संचालन समितिको २०७९।६।६ को निर्णयानुसार फाल्गुनन्द गाउँपालिकाको वडा नं ३ स्थित राँके वजारमा शित भण्डार निर्माणका लागि आवश्यक जग्गाका लागि स्थानियलाई आव्हान गर्ने निर्णय गरेको देखिन्छ । शित भण्डार निर्माणका लागि साविक पौवासरताप ७(क) को कित्ता नं ४६ मध्ये जग्गाधनि सशुन राईले ३ रोपनी जग्गा निशुल्क दिने गरी २०७९।११।९ मा सहमती पत्रमा हस्ताक्षर भएको देखिन्छ ।हाल सो जग्गामा पालिकाले शितभण्डार निर्माण गरिसकेको भएतापनी उक्त जग्गा पालिकाको नाँममा नामसारी भएको देखिएन । जग्गाको स्वामित्व व्यक्तिको नाममै भएको अवस्थामा सरकारी लगानी गरेको मनासिव देखिएन । सम्झौता वमोजिम स्वामित्व लिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५४.३ **उपभोक्ता समिति मार्फत शितभण्डार सामाग्रि खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ।साथै नियमावलीको नियम ९७ मा उपभोक्ता समितिवाट जटिल प्राविधिक कार्यहरु गराउन नमिल्ने उल्लेख छ । पालिकाले यो बर्ष नवप्रवर्तन कार्यक्रम अन्तरगत शित भण्डारण निर्माण लागि उपकरण खरिद तर्फ रु ३१०९१६० तथा निर्माण तर्फ समेत रु.४७,६३,३६८ को लागत अनुमान तयार गरेको देखिन्छ । पालिकाले उक्त कार्य गर्नका लागि २०७९।१।९ मा वोलपत्र आव्हान गरेकोमा वोलपत्र परेको देखिएन। सो पश्चात् पुन वोलपत्रमार्फत खरिद गर्न समय नभएको कारण जनाइ लागत अनुमान संशोधन गरि रु.५२,७०,३७६ (मुअकर समेत) गरी उपभोक्ता मार्फत गरी रु.४८,०२,२०६ को कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ। यसरी जटिल प्राविधिक कार्य उपभोक्तावाट गराएको, खरिद विधि परिवर्त गर्दा समिति तथा पालिकाको निर्णय नभएको, सार्वजनिक खरिद नियमावलीको नियम ११ वमोजिमको सवै प्रकृया पुरा नगरी लागत अनुमान तयार गरेको, खरिद गरिएका शित भण्डार सामाग्रीको नियमावलीको नियम ११५ वमोजिम निरीक्षण वा परीक्षण नगराएको जस्ता कानुनको पालना भएको देखिएन। हाल उक्त शित भण्डार संचालनमा समेत नआएकाले कानुनमा भएको सवै व्यवस्थाको पालना गरी संचालनमा ल्याउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५५ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५३,५०,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३५,०७,१३९।५३ अर्थात अनुमानको तुलनामा ६५.५५ प्रतिशत मात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

५६ **राजश्वको लेखाङ्कन-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ। एकीकृत वित्तिय विवरण अनुसार पालिकाले रु.३५,४९,१३९।५३ आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प.फारामहरु दैनिक आम्दानी टिपोट, दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन। राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिदैन । राजश्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४५५५४३६८१	३५०७१३९.५३	०.७७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५८ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी	प्रतिशत
११३१३	एकीकृत सम्पती कर	३०००००.	२१५१००.	७१.७
११३१४	भुमिकर/मालपोत	१२०००००.	७६२६५४.१५	६३.५५
११३२१	वहाल कर	२५५०००.	१२५९५२.५३	४९.३९
११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	६०००००.	०.००	०.००
११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	३०००००.	०.००	०.००
११६९१	अन्य कर	५००००.	१७५००.	३५.०
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	२०००००.	१९४१०.	९.७१
१४२४३	सिफारिश दस्तुर	१२९५०००.	९१५०१७.९४	७०.६६
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००.	१६०१२०.	३२.०२
१४२४५	नाता प्रमाणित दस्तुर	२०००००.	०.००	०.
१४२४९	अन्य दस्तुर	२०००००.	११५४०३५.९१	५७७.०२

१४६११	व्यवसाय कर	१५५०००.	१३७३४९.	८८.६१
१५१११	बेरूजू	९५०००.	०.००	०.
जम्मा		**५३५००००.**	**३५०७१३९.५३**	**६५.५५**

आयको विवरण अनुसार पालिकाले आय अनुमान गरेका ४ शिर्षकमा कर असुलनै गरेको देखिदैन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५९ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,५५,०००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था देखिदैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **राजस्व व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिका र ७ वटा वडाबाट प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरी सोको स्रेस्ता तयार गरेको छैन। शीर्षकगत आम्दानी खुल्नेगरी विवरण समेत तयार नगरी एकमुष्ट आर्थिक वर्षको अन्त्य तिर वैशाख महिना देखि असार सम्ममा रु.३५,४९,१३९.५३ आम्दानी बाधेको देखिन्छ भने वैंक स्टेटमेन्ट अनुसार जम्मा आम्दानी रु ४६७८६१६.३९ रहेको देखिन्छ । कार्यालयले पेश गरेको नगदी रसिद तथा संकलनको जोडजम्मा रु २५९०४१९ मात्र जम्मा भएको देखिन्छ। शीर्षकगत विवरण तयार गर्न लगाई समयमै राजश्व रकम बैक दाखिला नगरेमा नियमानुसार जरिवाना असुल गर्नुपर्ने देखिन्छ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र दाखिला गरेको कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

कार्यालयले प्रयोग गरेको राजस्व व्यवस्थापन सफ्टवेयर बाट वार्षिक राजस्व आम्दानीको विवरण लगिन गरी हेर्दा राजस्वको शिर्षकगत विवरण छुटयाउन समस्या देखिने तथा सारांशमा पनि समस्या देखिने र वडागत राजस्व असूली पश्चात मासिकरुपमा समेत राजस्वको बैंक दाखिला नगरेको पाइयो यस सम्बन्धमा कार्यालयले सम्बन्धित वडा सचिव तथा राजस्व असुल गर्ने कर्मचारीलाई जिम्मेवार वनाई जरिवाना समेत असुल गर्नुपर्ने देखियो ।साथै कार्यालयले नगदी रसिद मार्फत हाटबजार शुल्क र पटके सवारी साधन शुल्क उठाउने गरेकोमा संकलित रकम समयमा दाखिला गर्ने गरेको पाइएन । रसिद नियन्त्रण खाता व्यवस्थित

र अध्यावधिक वनाउनुपर्ने तथा सुत्र प्रणाली र बैंक स्टेटमेन्टमा देखिएको फरक सम्बन्धमा कार्यालयवाट एकिन गरी आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने रु. ११२९४७७

बैंक स्टेटमेन्ट अनुसार	**सुत्र प्रणालीमा आम्दानी बाधेको अनुसार**	**राजस्व संकलन सफ्टवेयर र नगदी रसिद अनुसार**	**सुत्र प्रणाली भन्दा फरक**
४६७८६१६	३५४९१४०	२५९०४१९	११२९४७७
		प्रमाण पेश नगरेको	११,२९,४७७

६१ **अनुगमन भत्ता-** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षको रु.१००००/-, उपाध्यक्षको रु.१००००/-, वडाध्यक्षको रु.४०००/- र कार्यपालिका सदस्यको रु.२०००/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि अनुगमन वापत एकमुष्ट भत्ता बुझिलिएकोमा अनुगमन प्रतिवेदन पेश गरेर मात्र अनुगमन भत्ता भुक्तानी गर्नुपर्दछ ।

पद	**संख्या**	**मासिक अनुगमन भत्ता दर**	**वार्षिक अनुगमन भत्ता**
अध्यक्ष	१	१००००	१२००००
उपाध्यक्ष	१	१००००	१२००००
वडाध्यक्ष	७	४०००	३३६०००
कार्यपालिका सदस्य	६	२०००	१४४०००
जम्मा			७२००००

सैद्धान्तिक बेरुजु

६२ **फिल्ड भत्ता-**

...........प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट रु.१०७९४०० ।-सम्परीक्षण गरिएको ।

६३ **पारिश्रमिक आय कर-** आयकर ऐनको दफा ८७, ८८, ८८क र ८९ बमोजिम कार्यालयले भुक्तानी गर्दा अग्रिम आयकर कर कट्टी गरी भुक्तानी गर्नुपदछ। पालिकाले देहायका कर्मचारीहरुलाई तलब भुक्तानी गर्दा

पारिश्रमिक कर कट्टा नगरी भुक्तानी गरेको पाइएकोले सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु

क्र.सं.	कर्मचारीको नामथर	पारिश्रमिक आय कर
१	अंकित कुमार निधी	२४३९२
२	बाबुराम राई	६३१०
३	उत्सव आचार्य	३७९६
४	सुनिल गर्तौला	७६६९
५	बद्री प्रसाद ढकाल	४४३३
जम्मा		४६६००

असुल गर्नुपर्ने	४६,६००

६४ **बढी भुक्तानी**

६४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद तथा निर्माण कार्यको भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन सहित रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मूल्यांकनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण कार्य उपभोक्ता समिति मार्फत संचालन गरी भुक्तानी गरेकोमा कार्य सम्पन्न गरेको भन्दा बढी भुक्तानी गरेको पाइएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.६३४१

भौचर नं	उपभोक्ता समितिको नाम	भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	बढी भुक्तानी रकम
१४४-०७९/१२/२९	डाँडागाउँ जुकेपानी सखेवा मोटरबाटो उपभोक्ता समिति	४८४४६०	४८०७६०	३७१०
१८२-०८०/१/१९	आहाले त्रिवेणी सडक मर्मत उपभोक्ता समिति	३०८१५३	३०५५२२	२६३१
जम्मा				६३४१

असुल गर्नुपर्ने	६,३४१

६४.२ १४८-०८०/२/२८ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले फक्तेप ८ खेलमैदान मोटरबाटो निर्माणको प्राविधिक मुल्याङ्कन रु २१६८५३ गरी रु

१८०६१० भुक्तानी गरेको मा औषत उचाई वढि समावेश गरी रु. २८६८४ उपभोक्ता समितिलाई वढि भुक्तानी गरेको देखिन्छ। स्थलगत अनुगमन गर्दाको अवधि सम्म निर्माण व्यवसायिले नगरेको कार्यको भुक्तानी गरेको देखिएकाले उक्त रकम असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.२८६८४

सिन	आइटम	नापी कितावमा समावेश भएको परिमाण	वास्तविक परिमाण	मुल्याङ्कन दर	वढि मुल्याङ्कन
१	माटो खन्ने कार्य	१५९४।९५ घनमिटर	११९०।७७ घनमिटर	७१	२८६८४

असुल गर्नुपर्ने	२८,६८४

६५ **सामाजिक सुरक्षा**

६५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या एकीन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।

सैद्धान्तिक बेरुजु

६५.२ **लगत कट्टाको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विघवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०७९।८० मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन। मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राप्ट नभएकाले कार्यविधिको बुँदा नं १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५.३ **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को बुँदा नं ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा

नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।

सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

MIS विवरण :- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा लाभग्राहीको विवरण एम.आई.एस. अद्यावधिक लगतको आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। गउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखसँग भत्ता वितरण गर्न बैंकमा पठाईएको नामावली बराबर रहेको पाइयो । एम.आई.एस. विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमूना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं. जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको पाइयो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने नाम समावेश भई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५.४ **सामाजिक सुरक्षा भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा फाल्गुनन्द गाउँपालिका र नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, शाखा फाल्गुनन्द पाँचथरबीच सम्झौता भई गाउँपालिकामा रहेकोमा ७ वटै वडाहरुको सामाजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले तयार गरेको फरवार्ड फिड र रिभर्स फिडको विवरण अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको विवरण देहाय अनुसार छ ।

क सं	विवरण	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा लाभग्राही	जम्मा रकम
		संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम		
१	जेष्ठ नागरिक	१४८३	१६८७६३७७	१४८९	१७७४३०१६	१५००	१७७९३२१०	१५२५	१८०९००००	५९९७	७०५०२६०३

२	जेष्ठ नागरिक दलित	६९	५४७९६०	६९	५४७९६०	६९	५४५३००	७१	५६३९२०	२७८	२२०५१४०
३	जेष्ठ नागरिक एकल महिला	१९६	१५५६१००	२००	१५८२७००	२०४	१६१७७२३	२०४	१६११९६०	८०४	६३६८४८३
४	विधवा	२६३	२०६२१८६	२६३	२१४४९६९	२६९	२१२००२०	२६१	२०६९४८०	१०५६	८३९६६५५
५	पूर्ण अपाङ्ग	५५	६५८३५०	५९	६९८२५०	५९	७०२२४०	५९	६८९८८४	२३२	२७४८७२४
६	अतिअसक्त अपाङ्ग	१४४	९१७१६८	१४३	९१०७८४	१४७	९२९९३६	१४८	९३८४४८	५८२	३६९६३३६
७	वालपोषण दलित	११९	१७८३४०	१२५	१८८४५१	११९	१८९५९५	१२०	१८१३६५	४८३	७३७७५१
	जम्मा	**२३२९**	**२२७९६४८१**	**२३४८**	**२३८१६१३०**	**२३६७**	**२३८९८०२४**	**२३८८**	**२४१४५०५७**	**९४३२**	**९४६५५६९२**

सैद्धान्तिक बेरुजु

६५.५ **दोहोरो सामाजिम सुरक्षा भत्ता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले प्रत्यके वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने र म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं ७ (साविक आङसराङ गा.वि.स वडा नं ७) का लाभग्राही श्री काजिकमान विश्वकर्मा र मन माया विश्वकर्मालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोछ। निज लाभग्राहीहरुले इलामको चुलाचुलि गाउँपालिका वडा नं ५ बाट समेत आर्थिक वर्ष २०७६/७७ बाट भत्ता लिई रहेको पालिकाबाट जानकारी प्रापत भएकोछ। एकै लाभग्राहीलाई दोहोरो भत्ता वितरण गरेको सम्बन्धमा दोहोरो भुक्तानी भएको भत्ता असूल गर्नुपर्ने र आगामी भत्ता भुक्तानी गर्दा कार्यविधिको पालिना गरी लाभग्राहीको नवीकरण गरेर एकीन गरी मात्र गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **स्वास्थ्यतर्फ**

६६.१ **औषधिको मौज्दात-** आधारभूत स्वास्थ्य सेवा संचालन सम्बन्धी कार्यविधि, २०७९ अनुसार स्वास्थ्य संस्थाहरुमा निशुल्क वितरणको लगि ९८ प्रकारका औषधि हुनुपर्ने उल्लेख छ । पालिकाले खरिद गरेको औषधि खरिद गरेको समयमै पालिकामा रहेका ९ वटा स्वस्थ्य संस्थाहरुलाई वितरण गर्ने गरेको पाइयो। यसरी वितरण गर्दा स्वास्थ्य केन्द्रहरुको औषधि भण्डारको क्षमता नहुन सक्ने र आवश्यकाको आधारमा माग नगरी एकमुष्ट वितरण गर्दा कुनै औषधि बढी हुने र कुनै औषधि अभाव हुने संभावना देखिन्छ। जसले गर्दा सरकारले लिएको निशुल्क औषधि वितरणको लक्ष्य प्राप्त नहुने र जनताले निशुल्क औषधिको उपभोग गरी स्वास्थ्य लाभ लिन पाउने देखिदैन । पालिकाले आगामी दिनमा निर्देशिकाको पालिना गरी निशुल्क वितरण गर्ने औषधिको पर्याप्त र उचित भण्डारको व्यवस्था गरी वितरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६.२ **औषधी खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न फर्मबाट रू. ३१,१७,८१८ बराबरको औषधी सोझै खरिद गरेको छ । यस सम्वन्धमा अन्य निम्न व्यहोरा देखिएका छन्

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल प्राप्त भए पछि समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए वा नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकीन गर्न सकिएन । Post Delivery Inspection Report तयार नगरेको,
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ, औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-**

✂ ....प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु.६५०००० ।-सम्परीक्षण गरिएको ।

६८ **स्यानिटरी प्याड खरिद-** १३२।०७९।१२।२७ कार्याक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न संघीय सरकार मार्फत ससर्त तर्फ स्थानीय तहलाई बजेट विनियोजन हुने गरेको छ । सो कार्यलाई व्यवस्थित गर्न स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार छात्राहरुको लागि खरिद गर्नुपर्ने स्यानिटरी प्याडको स्पेशिफिकेशन १५(±२) मि मी मोटाइ, २४०(±२०) मिमी लम्बाई र ६५ देखि ७५ मिमी चौडाइको स्यानिटरी प्याड हुनुपर्ने उल्लेख छ । स्थानीय तहबाट खरिद गरिने स्यानिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा

स्यानिटरी प्याड रु. १७,१९,५७७ को २०२९० प्याकेट स्यानिटरी प्याड ओसन सर्जिकल ट्रेड कन्सर्न प्रा.लि. फर्मा सुनसरीबाट सोझै खरिद गरी खर्च लेखेको छ। कार्यविधि अनुसारको सिफिकेशन तयार नगरी सोझै प्याड खरिद गरेको तथा Post Delivery Inspectation Report तयार गरेको छैन । तोकिएको स्पेसिफिकेशन तथा मापदण्डको पूर्ण पालना नगरेको र बजेट फ्रिज हुन नदिने मनसायले वर्षान्तमा खरिद गरी पालिकामा भण्डारण नगरी सम्पूर्ण प्याड विद्यालयलाई हस्तान्तरण गरेको पाइयो । यसबाट पालिकाले मापदण्ड अनुसारको प्याड खरिद गरेको छ भनी एकीन हुन सकिएन। साथै आवश्यकताको आधारमा खरिद गरी वितरण हुनुपर्नेमा सो भएको पाइएन । आगामी दिनमा कार्यविधिको पालिना गरी स्यानिटरी प्याडको खरिद व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **अवकाश शिक्षकलाई पोषाक भत्ता-**

...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु. १००००।-सम्परीक्षण गरिएको ।

७० **बुक कर्नर-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं.२.७.१३.३ मा सामुदायकि विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु.१५०, रु.२०० र कक्षा ११ र १२ को लागि रु.२५० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका ४० वटा विद्यालयहरुलाई शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु.२,६९,५५० अनुदान वितरण गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण शिकाई सामाग्री मात्रै खरिद गरेको र अधिकांश विद्यालयले बुक कर्नर निर्माण गरेको पाइएन। आगामी दिनमा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले बुक कर्नर निर्माण सहित शिक्षण सामाग्री मात्रै खरिद गरी खर्च लेख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **सिकाई सुदृढिकरण प्रोत्साहन अनुदान-**

...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु. २०००००।-सम्परीक्षण गरिएको ।

७२ **इन्टरनेट जडान-**

...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु. ४८००००।-सम्परीक्षण गरिएको ।

७३ **पुस्तक मौज्दात-** ३६१।०८०।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गारई राख्नु पर्ने व्यवस्था छ । पालिकाले विद्यालयमा अध्ययनरत

विद्यार्थीहरुलाई वितरण गर्नको लागि घरमै पढ्ने सिकाई सामाग्री स्मृति सम्लायर्सबाट ७८६ थान रु. ३९९६८१ मा खरिद गरी पालिकाले लेखापरीक्षणको समयमा विद्यालयलाई वितरण गरेको छ । विद्यालयलाई यसरी पुस्तक वितरण गर्दा कार्यक्रमको उद्धेश्य पुरा हुनेगरी समयमै वितरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७४ **दिवा खाजा-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ। जसकोलागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकामा रहेका ४० सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु.५५,९५,३९० निकासा भएकोमा खाजा खुवाउने व्यक्तिलाई निकासा गरेको देखियो । खाजाको मेनु तयार नगरी अधिकांश विद्यालयले खाजाको खर्च गरेको पाइयो। आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७५ **कृषि तथा पशु तर्फ**

७५.१ **कृषि तथा पशु अनुदानः** पालिकाले चालु तथा संघीय र प्रदेश सरकारबाट हस्तान्तरित चालु कार्यक्रमको नमूना छनौट गरी परीक्षण गर्दा देहायबमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ।

क्र.सं.	कार्यक्रमको नाम	अनुदान प्राप्त गर्न कृषक।सहकारी संस्था	लाभान्वित कृषक	बजेट खर्च
१	गोठ सुधार कार्यक्रम	कृषकहरु	२७	५४००००
२	माछाका भुरा तथा चारो वितरण	कृषकहरु	३५	१०००००
३	चापकटर वितरण	कृषकहरु	३६	६०००००
४	जै घाँसको बीउ वितरण	कृषकहरु	१३५	१६००००
५	काउ म्याट व्यवस्थापन	कृषहहरु	८	१२००००
६	आलु पकेट विकास कार्यक्रम	तिजोक सेरोफेरो कृषक समूह	६०	९०९०००
७	सुन्तलाजात फलफुल पकेट विकास कार्यक्रम	कृषि सहकारी	६०	१४०००००

८	अकवरे पकेट विकास कार्यक्रम	कृषि सहकारी	१	८०००००
९	कफि विरुवा वितरण	कृषक	७०	१७००००
१०	मौरीको घर वितरण	कृषक	३४	४२९०००
११	दाँते ओखरको विरुवा वितरण	कृषक	२५०	३०००००
१२	मकै बीउ वतरण	कृषक	३००	२५००००
१३	मिनिटिलर वितरण	कृषक	७	४६००००
१४	स्प्रेयर्स ट्यांकी वितरण	कृषक	१००	२०००००
१५	प्लाष्टिक मल्चिङ वितरण	कृषक	८८	३५००००
१६	प्लाष्टिक पोखरी	कृषक	८	२०००००
१७	किबि वगान व्यवस्थापन	कृषि सहकारी	१	४९००००
	जम्मा			**७४७८०००**

• अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन ।अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

• अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकीन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

७५.२ **अनुदानमा लागत सहभागिताः** १६१-०८०।१।७ पालिकाले कार्यक्रम संचालन गर्दा वार्षिक नीति तथा कार्यक्रम अनुसार संचलन गर्नुपर्छ। पालिकाले यो वर्ष ७५ प्रतिशत अनुदानमा मिनिटिलर वितरण गर्ने कार्यक्रम अनुसार आपुर्तक गड्सन भेटबाट ७ थान मिनिटिलर रु.५,७४,९८० मा खरिद गरी कृषकहरुलाई वितरण गरेको पाइयो। कार्यक्रममा व्यवस्था भए अनुसार कृषकबाट पच्चिस प्रतिशत लागत सहभागिता

वापतको रु.१,४३,७४५ व्यहोर्नुपर्नेमा रु.१,२३,६०५ मात्रै लागत सहभागिता जनाएको देखिन्छ । कार्यक्रम तथा सम्झौता वमोजिम लागत सहभागिता कम भएको रकम असुल गर्नुपर्ने रु.२०,१४०

असुल गर्नुपर्ने	२०,१४०

७६ **विद्युत महशुल-** प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को बुँदा नं २१ मा बिजुली, पानी, टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार बिद्युत महशुल भुक्तानी गर्दा जरिवाना वापत रु १२,६५२ थप भुक्तानी गरेको छ। निर्देशिकाको व्यवस्था विपरीतको भुक्तानी अनियमित देखिएको रु.१२,६५२

भौ.नं./मिति	**विवरण**	**रकम**
९।०६।०६	२०७९ अषाढको विद्युत महसुल	६६
२५३।१०।११	३ नं वडा कार्यालयको विद्युत महसुल	४०६
५४६।०२।०७	फाक्थेप स्वास्थ्य चौकी	६९४४
८७८।०३।२४	कार्यालयको विद्युत महसुल	३४९२
६५१।०२।३२	स्वास्थ्य चौकी पौवा सारताप	१७४४
जम्मा		**१२६५२**

अनियमित भएको	१२,६५२

७७ **न्युन लागत साझेदारी-**

...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१०।२७ को निर्णयबाट रु. ३०३५२.६३।-सम्परीक्षण गरिएको ।

७८ **जिन्सी दाखिला-**

...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४९६८१८।-सम्परीक्षण गरिएको ।

७९ **जस्तापाता खरिद-**

...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.५०००००।-सम्परीक्षण गरिएको ।

८० **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले

स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ८० योजना सञ्चालन गरी यस वर्ष १७८ जनालाई औसत ८७ दिनले १५२७८ दिन रोजगारी उपलव्ध गराई रु.९३९७००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **सुरक्षित आप्रवासन कार्यक्रमको बीमा-**

✂ .... प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु. १००००।-सम्परीक्षण गरिएको ।

८२ **आय आर्जनका लागि अनुदान-** २४०।०८०२।३० महिला सहकारी तथा समूहमा बहुद्धेश्यीय पोषण सम्बन्धी आयमूलक सञ्चालन कार्यविधि, २०७७ अनुसार पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई आय आर्जन सुधार कार्यक्रम गर्न अनुदान शीषर्कमा बजेट प्राप्त गरेका स्थानीय तहले विपन्न महिलाहरुको विपन्न समूदायका सुनौला हजार दिनका घरपरिवारलाई लक्षित आयआर्जनका कृयाकलाप सञ्चालन गर्न सुरुवाती पूँजि सहरकारीका २५ सदस्यलाई पच्चिस हजार रुपैंयाका दरले रु. ६ लाख २५ हजार अनुदान उपलब्ध गराउने उल्लेख छ । सोही कार्यविधि अनुसार पालिकाले श्री सिलौटी महिला कृषक समुह फाल्गुनन्द मार्फत २५ जना विपन्न सुनौलो हजार दिनका महिलाहरुलाई प्रति महिला रु. २५००० का दरले आय आर्जनका लागि अनुदान वितरण गरेको पाइयो । कार्यविधि अनुसार महिलाहरुले आय आर्जन कार्यमा लगानी गर्नुपर्ने व्यवस्था अनुसार अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धी अनुगमन प्रतिवेदन तथा आय आर्जनमा लगानी गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८३ **प्रविधि हस्तान्तरण-** ३११।०८०।३।२० गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को बुँदा नं ४० र ४१ मा उद्यमीलाई उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइने र प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत सि.एस.इ. सेल्स एण्ड सप्लायर्स इलामबाट तान सेट र सिलाई मेशिन खरिद गरी देहायका उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गरेकोमा उद्यमीले व्यहोर्नुपर्ने सहभागिताको अंश व्यहोरेको नपाइएकोले सम्बन्धित उद्यमीहरुबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.९९३९६

असुल गर्नुपर्ने	९९,३९६

(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: फाल्गुनन्द गाउँपालिका, पाँचथर , फाल्गुनन्द गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	निर्मल तुम्रोक	२०७७-५-२२	हाल सम्म कार्यरत
लेखा प्रमुख	चन्द्र वहादुर सुब्बा	२०७४-६-१९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३३२,०२४.८३	३,८९५,३२२	३१,४५१,४३४.४४	०	०	३,३६५,४०७
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४१,०४४,१८८.२७
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.					४,९६७,९५८.८३
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३६,०७६,२२९.४४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी	४४९०५०१९.२

आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५३०५९८२८२.०२	चालु खर्च	४६८२९३१३९.१३
प्रदेश सरकारबाट अनुदान	३९५१९९२६	पूँजीगत खर्च	२०७६३७०२३
राजश्व बाँडफाँट	७१५४५८५५.५	वित्तीय/अन्य व्यवस्था	१३०००७१०
आन्तरिक आय	३५४९१३९.५३		
अन्य आय	१३०१२४५२.५		
कुल आय	६५८२२५६५५.५५	कुल खर्च	६८८९३०८७२.१३
बाँकी मौज्दात		१४१९९८०२.६२	

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण-अनुसूची-३

म.ले.प.फा.नं. २७२

फाल्गुनन्द गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय पाँचथर

कार्यालयको कोड : ८०१०२५०४३००

वित्तीय प्रतिवेदन

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७५५२१८२५५.००	६५३४१५००६.०५	०.००	६५३४१५००६.०५	४९०२८७८६५.९६	०.००	४९०२८७८६५.९६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६२६४९९४१०.००	५३०६३८६७६.०५	०.००	५३०६३८६७६.०५	४७९४१६१०८.९६	०.००	४७९४१६१०८.९६
११००० कर	११	९४०८२६९०.००	७२७०९०६२.१८	०.००	७२७०९०६२.१८	७५४७०९४७.६५	०.००	७५४७०९४७.६५
१३००० अनुदान		५२९७७१७२०.००	४५५५४३६८१.०२	०.००	४५५५४३६८१.०२	४००५७४५६३.००	०.००	४००५७४५६३.००
संघीय सरकार	१२	४७०५४००००.००	४१६०२३७५५.०२	०.००	४१६०२३७५५.०२	३६०३१०३०५.००	०.००	३६०३१०३०५.००
प्रदेश सरकार	१२	५९२३१७२०.००	३९५१९९२६.	०.००	३९५१९९२६.००	४०२६४२५८.००	०.००	४०२६४२५८.००
१४००० अन्य राजस्व		२५५००००.००	२३८५९३२.८५	०.००	२३८५९३२.८५	३३७०५९८.३१	०.००	३३७०५९८.३१
१५००० विविध प्राप्ति		९५,०००.००	०	०.००	०.००	०.००	०.००	०.००
ख. अन्य प्राप्ति		१२८७१८८४५.००	१२२७७६३३०.	०.००	१२२७७६३३०.००	१०८७१७५७.००		१०८७१७५७.००
वितरण गर्न बाकी राजस्व		०.००	०	०.००	०.००	०.००	०.००	०.००
कोषहरु		१४१४४३१८.००	३९०४३८२.	०.००	३९०४३८२.००	८६०८०८०.००	०.००	८६०८०८०.००
धरौटी		०.००	४२९७४२१.	०.००	४२९७४२१.००	२२६३६७७.००	०.००	२२६३६७७.००
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		११४५७४५२७.००	११४५७४५२७.००	०.००	११४५७४५२७.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		६७७८१६३३३.७०	५७४३५६३४५.१३	०.००	५७४३५६३४५.१३	५१६९५८५३७.००	०.००	५१६९५८५३७.००
ग. भुक्तानी (सञ्चित कोषबाट)		६६३६७२०१५.७०	५६१३५५६३५.१३	०.००	५६१३५५६३५.१३	४९७८५१०९८.००	०.००	४९७८५१०९८.००
२१००० पारिश्रमिक / सुविधा	१८	२४६११६३६५.७०	२३४८९०६१८.७	०.००	२३४८९०६१८.७०	१९९५९०९३८.००	०.००	१९९५९०९३८.००
२२००० मालसमान तथा सेवाको उपयोग	१८	१४०३०६६९४.७०	१२१८७३०९४.४३	०.००	१२१८७३०९४.४३	१३११४६९९३.००	०.००	१३११४६९९३.००
२३००० स्थिर सम्पत्तिको उपभोग खर्च	१८	१०००००.००	८९,८३७.००	०.००	८९८३७.००	०.००	०.००	०.००
२५००० सहायता (Subsidy)	१८	१०३५२०००.००	९३७९३२७.	०.००	९३७९३२७.००	६७३९७९३.००	०.००	६७३९७९३.००
२६००० अनुदान	१८	१२०९०००.००	११५९०००.	०.००	११५९०००.००	२४२४६०९०.००	०.००	२४२४६०९०.००
२७००० सामाजिक सुरक्षा	१८	३८७९०००.००	३०२१२२५.	०.००	३०२१२२५.००	२५०००००.००	०.००	२५०००००.००
२८००० अन्य खर्च	१८	३९०७२३५.३०	३२४०३५३.	०.००	३२४०३५३.००	३१७२६२६.००	०.००	३१७२६२६.००
३१००० गैर वित्तीय सम्पत्ती / पूंजीगत खर्च	१८	२५७८०१७२०.००	१८७७०२१८०.	०.००	१८७७०२१८०.००	१३०५५४६५८.००	०.००	१३०५५४६५८.००
३३००० दायित्व	१८	०.००	०	०.००	०.००	०.००	-०.००	०.००
घ. अन्य भुक्तानी		१४१४४३१८.००	१३०००७१०.	०.००	१३०००७१०.००	५१६९५८५३७.००	०.००	५१६९५८५३७.००
कोषहरु		१४१४४३१८.००	१०६३३६७२.	०.००	१०६३३६७२.००	१७४२३०९६.००	०.००	१७४२३०९६.००
धरौटी		०.००	२३६७०३८.	०.००	२३६७०३८.००	१६८४३४३.००	०.००	१६८४३४३.००
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०	०.००	०.००	०.००	०.००	०.००
ङ. यो वर्षको बचत (न्यून)		७७४०१९२१.३०	७९०५८६६०.९२	०.००	७९०५८६६०.९२	-२६६७०६७१.०४	०.००	-२६६७०६७१.०४
च. गतवर्षको जिम्मेवारी रकम (ब.न्या)			५११५७७३७.७		५११५७७३७.७०	२४०४०७२८.५०	०.००	२४०४०७२८.५०
वर्षान्तको बाकी रकम (ङ + च)		७७४०१९२१.३०	१३०२१६३९८.६२	०.००	१३०२१६३९८.६२	-२६२९९४२.५४	०.००	-२६२९९४२.५४
बैंक तथा नगद बाकी	२४		१४६६५७८१.६२		१४६६५७८१.६२	४४९०५०१९.२०	०.००	४४९०५०१९.२०

गाउँकार्यपालिकाको कार्यालय

कोशी प्रदेश नेपाल

आ.व २०७९।०८० को आय व्यय विवरण

सि. नं.	आयतर्फ			सि. नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		४४,९०५,०१९.२०	१	क) चालु खर्च		३७३६५३४५५.१३
	क) संचित कोष	३७,१७२,६०५.७०			क)गाउँपालिका - चालु खर्च	१३८५२०४६४.११	
	ख) धरौटी खाता	१,९५३,७२७.००			ख)संघीय शसर्त - चालु खर्च	२३२५८८३९१.०२	
	ग) ग २.७ विविध खर्च खाता/कोष	१,८२६,२८१.५०			ग) प्रदेश शसर्त - चालु खर्च	२५४४६००.००	
	घ) प्रकोप व्यावस्थापन कोष	६२४,३३९.००		२	ख) पुजिगत खर्च		१८७७०२१८०.००
	ङ) आकस्मिक कोष	४९,८१९.००			क)गाउँपालिका पूँजीगत खर्च	७७४६६२४०.००	
	च) ग ५.१ - स्थानीय तह विविध कोष खाता	३,२७८,२४७.००			ख)संघीय शसर्त - पुजिगत खर्च	७०५८५५४३.००	
२	राजस्व (आन्तरिक आय)		७५०९४९९५.०३		ग)प्रदेश शसर्त - पुजिगत खर्च	२३६६६७२३.००	
	क) आन्तरिक राजस्व	३,५४९,१३९.५३			घ) संघीय समपुरक अनुदान पुजिगत	३००००००.००	
	ख) संघीय राजस्व बाँडफाँड	६८,१३३,१३३.११			ङ) संघीय विशेष अनुदान पुजिगत	४९५४८२१.००	
	ग) प्रदेश सवारीसाधन कर	३,४१२,७२२.३९			च) प्रदेश समपुरक अनुदान पुजिगत	८०२८८५३.००	
३	वित्तिय हस्तान्तरण संघ		४१६०२३७५५.०२	३	अन्तर सरकारी वित्तिय हस्तान्तरण खर्च		११४५७४५२७.००
	क) वित्तिय समानीकरण अनुदान	१०४,८९५,०००.००			क-सामाजिक सुरक्षा	९४६३९६८४.००	
	ख) सशर्त अनुदान चालु	२३२५८८३९१.०२			ख-एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	१९९३४८४३.००	
	ग) सशर्त अनुदान-पुजिगत	७०५८५५४३.००		४	विभिन्न कोषतर्फको खर्च		१३०००७१०.००
	घ) समपूरक अनुदान	३,०००,०००.००			क) ग २.७ विविध खर्च खाता/कोष	४४७८३२९.००	
	ङ) विशेष अनुदान	४,९५४,८२१.००			ख) प्रकोप व्यावस्थापन कोष	१४४४०००.००	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३९,५१९,९२६.००		ग) धरौटी फिर्ता	२३६७०३८.००	
	क) वित्तिय समानीकरण अनुदान	५२७९७५०.००			घ) आकस्मिक कोष	३०११०००.००	
	ख) सशर्त अनुदान-चालु	२५४४६००.००			ङ) ग ५.१ - स्थानीय तह विविध कोष खाता	१७००३४३.००	
	ग) सशर्त अनुदान-पुजिगत	२३६६६७२३.००		५	मौज्दात		१४१९९८०२.६२
	घ) समपुरक अनुदान	८०२८८५३.००			क) संचित कोष खाता	६४५५६४६.६२	
५	अन्तर स्थानीय तहबाट प्राप्त/अन्तर		११४,५७४,५२७.००		ख) धरौटी खाता	३८८४११०.००	
	क सामाजिक सुरक्षा	९४,६३९,६८४.००			ग) प्रकोप व्यावस्थापन कोष	१८०३३९.००	
	ख) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	१९,९३४,८४३.००			घ) ग २.७ विविध खर्च खाता/कोष	१७६२९८४.००	
६	विभिन्न कोषतर्फको आय		१३०१२४५२.५०		ङ) ग ५.१ - स्थानीय तह विविध कोष खाता	१८७७९०४.००	
	क) ग २.७ विविध खर्च खाता/कोष	४,४१५,०३१.५०			च)आकस्मिक कोष	३८८१९.००	
	ख) प्रकोप व्यावस्थापन कोष	१,०००,०००.००					
	ग) धरौटी आय	४,२९७,४२१.००					
	ङ) आकस्मिक कोष	३,०००,०००.००					
	च) ग ५.१ - स्थानीय तह विविध	३००,०००.००					
	जम्मा	७०३१३०६७४.७५	७०३१३०६७४.७५		जम्मा	७०३१३०६७४.७५	७०३१३०६७४.७५

चन्द्र बहादुर सुब्बा
लेखापाल

निर्मल दुधोक
प्रमुख प्रशासकीय अधिकृत

बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण- अनुसूची-४

क्र.सं.	उद्यमीको नाम	प्रविधि हस्तान्तरणको सामान	थान	प्रविधि हस्तान्तरणको सामानको रकम	प्रविधि हस्तान्तरणको २० प्रतिशत रकम
१	सिर्जना नेम्वाङ र मनमाया नेम्वाङ	ढाका तान सेट	१	२४२९५	४८५९
२	नविना नेम्वाङ र जुना नेम्वाङ	ढाका तान सेट	१	२४२९५	४८५९
३	रेश्मा नेम्वाङ र योजना नेम्वाङ	ढाका तान सेट	१	२४२९५	४८५९
४	योजना नेम्बाङ र गोमा ऐक्तेन	ढाका तान सेट	१	२४२९५	४८५९
५	मुना आङदेम्वे र टंक कुमारी लिम्बु	ढाका तान सेट	१	२४२९५	४८५९
६	लिना चेम्जोङ र अनु नेपाली	ढाका तान सेट	१	२४२९५	४८५९
७	इन्द्रहाङमा आङदेम्वे	ढाका तान सेट	१	२४२९५	४८५९
८	सोना लिम्बू	ढाका तान सेट	१	२४२९५	४८५९
९	टिकादेवी अधिकारी	ढाका तान सेट	१	२४२९५	४८५९
१०	तुलसी लावती	ढाका तान सेट	१	२४२९५	४८५९
११	मनुसा नेम्वाङ	ढाका तान सेट	१	२४२९५	४८५९
१२	पुजा साम्वाहाम्फे	ढाका तान सेट	१	२४२९५	४८५९
१३	सिलपा सम्वाहाम्फे	ढाका तान सेट	१	२४२९५	४८५९
१४	शशीकला आङदेम्बे	ढाका तान सेट	१	२४२९५	४८५९
१५	टिका मगर	सिलाई मेशिन	१	१५६८७	३१३७

क्र.सं.	उद्यमीको नाम	प्रविधि हस्तान्तरणको सामान	थान	प्रविधि हस्तान्तरणको सामानको रकम	प्रविधि हस्तान्तरणको २० प्रतिशत रकम
१६	करीना तुम्रोक	सिलाई मेशिन	१	१५६८७	३१३७
१७	पायल लिम्बु	सिलाई मेशिन	१	१५६८७	३१३७
१८	ज्योति आङदेम्वे	सिलाई मेशिन	१	१५६८७	३१३७
१९	वसन्ता लिम्बु	सिलाई मेशिन	१	१५६८७	३१३७
२०	पञ्चमाया राई	सिलाई मेशिन	१	१५६८७	३१३७
२१	टिका खतिवडा	सिलाई मेशिन	१	१५६८७	३१३७
२२	निर्मला खतिवडा	सिलाई मेशिन	१	१५६८७	३१३७
२३	देवि कुरुम्बाङ	सिलाई मेशिन	१	१५६८७	३१३७
२४	जस्ना तुम्वापो	सिलाई मेशिन	१	१५६८७	३१३७
जम्मा				४९७०००	९९३९६